
# लेखापरीक्षण प्रतिवेदन

# मनाङ्ग

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पु¥याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पु¥याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पु¥याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | जिल्ला अदालत मनाङ्ग | ३ |
| ३.२ | जिल्ला सरकारी वकील कार्यालय | ३ |
| ३.३ | जिल्ला आयुर्वेद स्वास्थ केन्द्र | ३ |
| ३.४ | जिल्ला कारागार कार्यालय | ४ |
| ३.५ | जिल्ला बिकास समितिको कार्यालय | ४ |
| ३.६ | जिल्ला वन कार्यालय | ११ |
| ३.७ | जिल्ला प्रशासन कार्यालय | १२ |
| ३.८ | मालपोत कार्यालय | १२ |
| ३.९ | जिल्ला शिक्षा कार्यालय | १३ |
| ३.१० | जिल्ला स्वास्थ्य कार्यालय | १७ |
| ३.११ | जिल्ला हुलाक कार्यालय | १९ |
| ३.१२ | अस्पताल बिकास समिति | १९ |
| ३.१३ | दुर्गम क्षेत्र विकास समिति | २० |
| ४ | आन्तरिक लेखापरीक्षण | २० |
| अनुसूची-१: | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २१ |
| अनुसूची-२ : | बेरुजूको स्थिति | २२ |
| अनुसूची-३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय | २३ |
| अनुसूची-४ : | जिम्मेवार पदाधिकारीको नामावली | २४ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १३ कार्यलयको विस्तृत र १५ कार्यालयको संक्षिप्त कार्यविधिको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित २८ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत ९६ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यलय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष १६ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १५९ र रु.३ करोड ३६ लाख ७१ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म बेरुजू फछ्र्यौट हुने प्रमाण सहितको प्रतिक्रिया प्राप्त भएन । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका ६१ दफा मिलान गरी बाँकी दफा ९८ कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.३ लाख ३ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.८ लाख २० हजार, अनियमित रु.२ करोड ८६ लाख ४४ हजार र पेश्की रु.४२ लाख ०७ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला अदालत

१ **लगति राजस्व** : असुल हुन बाँकी रहेको लगति राजस्व आर्थिक विवरणमा समावेश गरी प्रत्येक वर्ष लगति र हसवली असुली दाखिला र असुल हुन बाँकी रकम आर्थिक विवरणमा समावेश गरी यथार्थ आर्थिक विवरण तयार गर्नुपर्दछ। यस अदालतले पेश गरेको वार्षिक प्रतिवेदनमा २०७२।७३ को अन्तसम्म असुल हुन बाँकी कैद जरिवानाको लगति राजस्व रु.१८,५०,९५४। रहेकोमा आर्थिक विवरणमा समावेश गरेको पाइएन। यसबाट सरकारको असुल हुन बाँकी रकमको यथार्थ अभिलेख नरहने हुंदा यस्तो लगति रकम आर्थिक विवरणमा समावेश गरी यथार्थ विवरण पेश हुनुपर्दछ।

## जिल्ला सरकारी वकीलको कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा आर्थिक कारोबारको वार्षिक संक्षिप्त प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको तथा तालुक निकायबाट अनुगमन भएका नदेखिएको, जिन्सीको व्यवस्थापन नगरेको जस्ता अवस्था देखिएका छन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **दोहोरो सुविधा** : कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता पाइरहेको कर्मचारीले अन्य भत्ता लिएमा दोहोरो भुक्तानी हुने हुँदा अन्य भत्ता लिन मिल्ने देखिँदैन। आधिकारिक ट्रेड यूनियन निर्वाचनमा कोष तथा लेखा नियन्त्रक कार्यालय र यस कार्यालयका समेत ४ कर्मचारीहरुले २०७२ फागुनदेखि आषाढसम्म प्रोत्साहन भत्ता र आधिकारिक ट्रेड यूनियन निर्वाचन भत्ता रु.१,५०,०९१/- भुक्तानी लिई दोहोरो सुविधा उपभोग गरेको रकम असुल गर्नुपर्दछ।

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन नलिएको र सो माथि कारबाही नगरेको, सरकारी घर जग्गाको लगत नराखेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको नदेखिएको जस्ता व्यहोरा देखिएका छन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **ख-६ खाता** : एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७२ को निर्देशन नं.६ मा म.ले.नि.का.बाट तोकिएको अवस्थामा बाहेक सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा मात्र ख-६ समूहको एकल खाता रहने व्यवस्था भएकोमा यस केन्द्रले पेश गरेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सहयोग समितिको नाउँमा सञ्चालनमा रहेको कोषको आर्थिक विवरण अनुसार बैंक खातामा रु.५६,०००।- मौज्दात रहेको पाइयो। यस्तो कोषहरुको सञ्चालन कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको ख-६ समूह खाता मार्फत सञ्चालन गरिएको प्रमाण पेश हुनु पर्दछ।

## कारागार कार्यालय

१. **दरबन्दी व्यवस्था** : कार्यालयमा स्वीकृत दरबन्दी अनुसार विभिन्न पदका ७ जना दरबन्दी रहेकोमा करारका कार्यालय सहायक ३ जना कर्मचारी मात्र रहेका र काजमा अन्य कार्यालयबाट कारागार कार्यालय प्रशासन सञ्चालित भएकोले मौजुदा दरबन्दी अनुसारको पदपूर्ति हुनु जरुरी रहेको सम्बन्धमा औंल्याइएकोमा पदपूर्तिको क्रममा रहेको भन्ने भनाई रहेतापनि अपेक्षित सेवा प्रदान गर्न दरबन्दी अनुसारको जनशक्तिको व्यवस्था हुनुपर्दछ ।

२. **भुक्तानीको जानकारी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार मू.अ.कर वीजक र कर भुक्तानी गर्दा भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोमा कार्यालयले मेशिनरी औजार शीर्षकबाट ल्यापटप, फ्याक्स मेशिन लगायतका सामानहरु खरिद गरी एक सप्लायर्सलाई रु.६६,३७२। भुक्तानी गर्दा मू.अ.कर रु.८,६२८। भुक्तानी गरेकोमा सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन । अतः उक्त कारोवारको कर समायोजन पत्र पेश हुनपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही नगरेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी पहिचान भएका जोखिम निराकरणको प्रयास नगरेको, उपभोक्ता समितिको श्रेस्ता अनुगमन नगरेको, १३ गाउँ बिकास समितिमध्ये २ बटाको मात्र बेरुजू सम्परीक्षण गरेका जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **परिषदको स्वीकृती** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । परिषद्बाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी पर्वतारोहण रोयल्टीबाट परिषद्ले पारित नगरेका ११ वटा योजनामा रु.३४,३९,८००।- खर्च गरेको छ । त्यसै गरी जि.वि.स. चालु अनुदानबाट कर्मचारी कल्याण कोषमा रु.३३,१०,३९०।- रकम ट्रान्सफर गरेकोमा परिषद्बाट अनुमोदन गराएको छैन । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका १४ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ । अतः एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गरी परिषदबाट स्वीकृत हुनुपर्दछ ।

३. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को (२) बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा उपलव्धी र खर्चको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने लेखाजोखा तथा मूल्याङ्कन जस्ता कार्य गर्नुपर्ने उल्लेख छ । कार्यालयले ११० वटा योजनाका लागि रु.८,४०,८३,२४१।- भुक्तानी गरेको छ । कार्यालयले अधिकांश योजनाको सार्वजनिक परीक्षण गर्दा तोकिएको ढाँचाको प्रयोग गरी सार्वजनिक परीक्षण गरे तापनि समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवबाट मात्र त्यसमा प्रमाणित गरी सरोकारवाला सदस्यको बहुमतबाट उक्त परीक्षण नभएको र पूर्ण विवरण नखुलेको

अवस्थामा खर्चको पारदर्शिता तथा वास्तविकता भएकोमा आश्वस्त हुने अवस्था रहँदैन । अतः नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

४. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.१९,३६,३३५।- आम्दानी गरेको छ । यस सम्बन्धमा जिल्ला वन कार्यालयको छोडपूर्जी अभिलेख अनुसार २०७२।७३ मा ६३.६२० के.जी. यार्सागुम्बाको रु. ३७,७७०/- को छोडपूर्जी दिएको देखिन्छ । यस कार्यालयको निकासी इजाजत पत्र र असुली राजस्व विवरणबाट आ.ब. २०७२।७३ मा ५९.८४३ के.जी.को निकासी अनुमति पत्र प्रदान गरी राजस्व असुल गरेको छ । अतः जिल्ला वन तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना बाट छुट भएको निकासी परिमाण र राजस्वको विवरण यकिन गरी असुल गर्नुपर्दछ।

५. **अनुगमन :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नं.६० अनुसार जिल्ला विकास समितिले गाउँ विकास समिति मार्फत कार्यक्रममा निकासा गरेको सःशर्त अनुदानमा आर्थिक अनुशासन कायम राख्न निकासा हुने रकमको नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । गाउँ विकास समितिलाई दिएको सशर्त अनुदान रकम समितिले शर्त अनुसार खर्च गर्नुपर्नेमा निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट ७ वटा विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदानबाट १३ गाउँ विकास समितिको खातामा रु.३०,६०,०००।- निकासा दिएको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन ।

६. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले तोकिएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयल एक फर्मबाट जारी वीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको जस्ता कैफियत देखिएका कर वीजकको रु.२,२५३। मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । तोकिएको ढाँचामा कर बिजक जारी हुनु पर्दछ ।

७. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ठेक्का व्यवस्थापन गरेका रु.४१९९२ हजारका ३ ठेक्का मध्ये सबै ठेक्का तेस्रा चौमासिकमा व्यवस्थापन गरेको देखियो । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुँदा कार्यप्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

८. **करारमा नियुक्ति** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाद्वारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ । कार्यालयले आयोजनाको सुपरीवेक्षण, अनुगमन मूल्याङ्कनको लागि कन्टिन्जेन्सीबाट १ र कोषबाट सो अन्तर्गतका कार्यको अनुगमन मूल्याङ्कन जाँच गर्न परिषद्को निर्णयानुसार १ गरी २ प्राविधिक पद करारमा पूर्ति गरेको छ । १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा करारमा नियुक्ति गरी रु.३,१३,९०६।- भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।

९. **लक्ष्य प्रगति** : तोकिएको समय र बजेटको परिधिभित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका ग्रामीण खानेपानी, विद्युत रोयल्टी र पर्वतारोहण रोयल्टी अन्तर्गतका

७९ कार्यक्रम मध्ये ३ कार्यक्रममा शून्य, ३ कार्यक्रममा २५ प्रतिशतसम्म र १ कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति देखिएकोले समयमा कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

१०. **खर्चको प्रमाण** : कार्यालयले खर्चको प्रमाण स्रेस्तासाथ राख्नु पर्दछ । जिल्ला दैवी प्रकोप उद्धारका लागि सामान खरिद गर्न जिल्ला प्रशासन कार्यालय मनाङका एक कर्मचारीको नामको पेश्की फछ्र्यौट भएकोमा एक कन्सर्नको बिल रकम रु.१,७६,९७५।- मा अग्रिम कर बापत कट्टा गर्नुपर्ने १.५ प्रतिशतले हुने रु.२,६५४/- कट्टी गरी दाखिला नभएको, बिल रकममा रु.२३,००६/- मू.अ.कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी नदिएको र खरिद गरिएका रु.१,७६,९७५/- का सामानहरु सम्बन्धित कार्यालय केवल जङ्ग गुल्म मनाङ्गमा आम्दानी बाँधिएको प्रमाण प्राप्त नभएकोले दाखिला प्रमाण पेश हुनुपर्दछ ।

११. **आधार बेगर खर्च** : खाङसारदेखि तिलिचो ताल जाने गोरेटो बाटो मर्मतका लागि उपभोक्ता समितिका अध्यक्षको नामको रु.४,१८,०००/- पेश्की फछ्र्यौट भई कार्यसम्पन्न प्रतिवेदन प्रस्तुत भएकोमा उक्त सडक खण्डको कुन स्थानबाट कुन स्थान विशेषसम्मको लागि (चेनेज नम्बर) सो रकम भुक्तानी भएको भन्ने आधार बेगरको खर्च देखिएको छ । खर्चको आधार खुलाउनु पर्दछ ।

१२. **पेश्की फछ्र्यौट** : जिल्ला उर्जा वातावरण इकाई एक सशक्तिकरण समाजसंगको सम्झौता अनुसार जिल्ला संयोजकबाट पेश भएका बिल फछ्र्यौट गर्दा आधुनिक मोडेलको चुल्हो प्रदर्शनी गरेको भनी प्रतिदिन रु.२,५००।- का दरले ८(आठ) दिनको हुने रु.२०,०००।- भुक्तानी भएकोमा सो दैनिक रकम पाउने स्वीकृत नर्म्स तथा आधार पेश नभएको, सहभागीलाई खाजा खर्च बापत रु.१५०।- देखि रु.२५०।- सम्म भुक्तानी भएकोले कार्यालयले खर्चमा एकरुपता कायम नगरेको, खरिद गरिएका सामान (स्टेशनरी) वितरण गरेको भरपाई पेश नभएको, छहरे खोलाको लागि लघु उद्योग अनुदान रकम रु.३५,२९५।- भुक्तानी भएकोमा सो कार्यक्रमको अनुगमन प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको जस्ता व्यहोरा देखिएका छन् । पेश्की फछ्र्यौट गर्दा फछ्र्यौटका आधार प्रमाण संलग्न गर्नुपर्दछ ।

१३. **अनुगमन** : कार्यालयबाट भएको खर्चको अनुगमन हुनुपर्दछ । धारापानी गाउँ विकास समितिको मेक्लेखर्कमा खानेपानी मर्मत सुधारका लागि रु.१,२३,९४७- निकासा भएकोमा यस्ता रकमहरुको प्रयोग सम्बन्धमा उल्लेखित काम सम्पन्न भएको भन्ने कार्यसम्पन्न प्रतिवेदन, गा.वि.स.को सिफारिस, लेखापरीक्षण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश भएको छैन । अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

१४. **बजेट उपयोग** : विनियोजित बजेट उपयोग हुनुपर्दछ । कार्यालयले बजेट रु.५२,०६६।- सम्बन्धित शीर्षकमा व्यवस्था गरेकोमा सो बजेट कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेमा उक्त रकम खर्च नगरी प्रयोग विहिन अवस्था रहेको छ । विनियोजित बजेट उपयोग हुनुपर्दछ ।

१५. **पुरानो आदिवासी जनजाति** : कार्यालयले बजेट रु.१,२९,१०४।- सम्बन्धित शीर्षकमा व्यवस्था गरेकोमा सो बजेट रकम खर्च नगरी प्रयोग विहिन अवस्था राखेको छ ।

कोषतर्फका उल्लेखित व्यहोरामा कार्यालयले देखिएको व्यहोरा र दिएको सुझाव कार्यान्वयन गरिने र केही विषय वस्तु तथा पदमा केन्द्रीय निकायबाट नियुक्तिदेखि पदस्थापनसम्मका कुराले असर गरेकोले त्यसमा समेत ध्यान पुऱ्याइने व्यहोरा छलफलमा जानकारी गराएको छ ।

१६. **बजेट कार्यान्वयन** : कार्यालयलाइं विनियोजन भएको बजेट कार्यान्वयन गर्नुपर्दछ । उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई रु.२,७५,०००।- बजेट व्यवस्था भएकोमा केन्द्रबाट उपाध्यक्षको पदमा कुनै पदाधिकारीको नियुक्ति नभएको कारण उक्त बजेट कार्यान्वयन भएको देखिएन । अतः कार्यान्वयन संयन्त्रलाई व्यवस्थित गरेर मात्र बजेट विनियोजन गर्नुपर्दछ ।

१७. **भ्रमण प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदनसाथ आवश्यक विल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता राखे तापनि चालु अनुदानबाट भ्रमण खर्च लेख्दा सबै कर्मचारीबाट जुन कामको लागि खटाइएको हो सो कामको सन्दर्भमा भ्रमणकर्ताले प्रतिवेदन पेश नगरेकोमा समेत भुक्तानी खर्च लेखेको पाइयो । कार्यालयले भ्रमणको प्रयोजन अनुसार अनिवार्य रुपमा भ्रमण प्रतिवेदन लिएर मात्र भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८. **बढी दुर्गम भत्ता** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७०।३।१९ को पत्रानुसार नेपाल सरकारको तहगत प्रणाली लागू भएको सेवा भित्रको तह निर्धारण गरिएको तलबमान प्रणालीलाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था गरेको छ । यस कार्यालयका एक वरिष्ठ कार्यक्रम अधिकृत २०७२।११।१ देखि लागू हुने गरी अधिकृत सातौं तहमा बढुवा भई सो अनुसार तलब भत्ता खर्च लेख्दा फागुनदेखि आषाढसम्मको रु.१०,८५०।- दुर्गम भत्ता बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

१९. **दरबन्दीभन्दा बढी खर्च** : स्वीकृत दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ । कार्यालयले योजना अधिकृत पदमा श्रावणदेखि आश्विनसम्म २ जना योजना अधिकृत कार्यरत रही २ जनाको तलब भत्ता र दशैं खर्च समेत खर्च लेखेको छ । एउटै पदमा २ कर्मचारीको तलब भत्ता खर्च लेख्दा स्वीकृत दरबन्दीभन्दा रु.९२,६९८।- बढीको खर्च देखिएको छ । दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ ।

२०. **न्यून प्रगति** : वार्षिक कार्यक्रमबमोजिम प्रगति हासिल हुनुपर्दछ । ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत डावल ढल निकासा क्रियाकलापमा ३३ प्रतिशत प्रगति देखियो । निर्माण कार्यमा देखिएको न्यून प्रगतिलाई सुधार गरी कार्यालयले शतप्रतिशत उपलव्धी हासिल गर्नेतर्फ अग्रसर रहनुपर्दछ ।

२१. **भाडा कर** : ऐन बमोजिम भाडा कर दाखिला हुनुपर्दछ । बोझो गुम्बा खानेपानी योजनाको रु.८०,०००।- फछ्र्यौट भएकोमा सामान ढुवानी बापत रु.७३,९५१।- भुक्तानीमा रु.७,३९५/- अग्रिम भाडा कर बापत रकम कट्टा गरी असुल गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२२. **कर समायोजन** : भुक्तानी भएको मूल्य अभिवृद्धि करको विवरण र समायोजन पत्र पेश हुनुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार (पूँजीगत शीर्षक समेतबाट) एक हार्डवेयरको बिल रकम रु.१५,८७,४८१।- को मू.अ.कर भुक्तानी रु.२,०६,३७२।५९ भएकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको नदेखिएकोले कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

२३. **अग्रिम कर** : आय कर ऐन, २०५८ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्दछ । ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमबाट गाडी भाडा बापत रु.१६,१८९।- र साना सिंचाई नदी नियन्त्रण अन्य पूर्वाधार कार्यक्रमबाट रु.७,७४४।- समेत जम्मा रु.२३,९३३।- अग्रिम कर कट्टा नगरेकोले असुल हुनुपर्दछ ।

२४. **सार्वजनिक परीक्षण** : उपभोक्ता समिति मार्फत गरेको कामको सार्वजनिक लेखापरीक्षण हुनुपर्दछ । आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक कार्यक्रममा समितिको निवेदन लगायतका कागजातको अभावमैर ०७३।३।२० मा रु.२५,९०,४००।- पेश्की खर्च लेखेको छ । सो सहित सडकको रु.५१,९८,४००।- कार्यको प्राविधिक जाँचपास, गा.वि.स.को सिफारिस, जिल्लास्तरीय अनुगमन समितिको प्रतिवेदन, नापी किताब, पर्याप्त आधार सहितको म्याद थप निर्णय, उपभोक्ता समितिको सार्वजनिक परीक्षण प्रतिवेदन तथा यथार्थ खर्च खुलेको जाँचपास प्रतिवेदन सहितको सार्वजनिक

परीक्षण प्रतिवेदन वेगर खर्च लेखेको रु.५१,९८,४००/- को प्रमाण पेश हुनुपर्ने तथा बहालहर रु.३९,३६०।- दाखिला गर्नुपर्ने देखियो ।

२५. **कन्टिन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नं. १४ मा जिल्ला विकास समितिले आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पूँजीगत लगानीको रकमबाट (क), (ख) र (ग) वर्गका जिल्लामा क्रमश: ५, ४ र ३ प्रतिशत रकम छुट्याई पूँजीगत खर्चको अनुपातमा खर्च गर्न सकिने व्यवस्था छ । क वर्गमा रहेको यस कार्यालयले यो वर्ष कन्टिन्जेन्सीको लागि छुट्याइएको बजेट रु.८९,७३,७५१।- लाई आयोजना सर्वेक्षण र सम्भाव्यता अध्ययन लगायतका ६ वटा क्रियाकलापहरुमा बाँडफाँड गरी स्वीकृत गराएर रु.७१,८४,२३७।- खर्च गरेको छ । उक्त खर्च विगतको अर्थ मन्त्रालयले गरेको प्रशासनिक र पूँजीगत खर्चको अनुपात ( १:१) संग मिलेको नदेखिएकोले कन्टिन्जेन्सी खर्च गर्दा पूँजीगत खर्च र प्रशासनिक खर्चको अनुपात १:१ को अनुपातमा गर्नुपर्ने देखियो ।

२६. **खर्च संरचना** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन तथा कार्यक्रम स्वीकृत भएकोमा पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षक तर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको बिश्लेषण गर्दा बार्षिक खर्च रु.४,८१,२८,९९२।- मध्ये तेस्रो चौमासिकमा रु.३,८३,५८,८०६। खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.२,०६,६५,७७५।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७९.७० र ४२.९४ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो रकम खर्च भएको छ । बर्षान्तमा कार्य गर्दा अनुगमनका कारणले योजनाको गुणस्तरमा प्रभाव पर्ने हुदा स्वीकृत कार्यक्रम को अधिनमा रही आयोजना संचालन गर्नुपर्दछ ।

२७. **सामाजिक सुरक्षा कार्यक्रम** : यस कार्यक्रममा यो वर्ष रु.७०,५६,०००।- खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जिल्लाका ६,५३८ जनसंख्यामध्ये समाजका जेष्ठ नागरिक, एकल महिला, बिधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी, जनजाति, असक्त अपागता भएका नागरिक एवं बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता सुविधा प्राप्त गर्ने व्यवस्था भए अनुसार यो वर्ष ६४७ जनसंख्यालाई रु.७०,५६,०००।- भत्ता वितरण गरी खर्च गरेको छ । करिव १० प्रतिशत जनसंख्यालाई सुविधा प्रदान गर्दा लगत व्यवस्थित गरेको छैन ।

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९(६)(क) बमोजिम भत्ता वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्रभलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एकप्रति गाउँ विकास समितिको कार्यालयको सूचना पाटीमा टाँस गर्ने र एकप्रति लेखापरीक्षणको लागि भरपाईसंग राख्नुपर्ने व्यवस्था छ । नमूना छनौटको आधारमा खाङसार र चामे गा.वि.स.को सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परीक्षण गरियो । १३ गा.वि.स.मध्ये थोचे, धारापानी, ताचे बगरछाप र चामे बाहेक अरु गा.वि.स.हरुले मुचुल्का समेत तयार नगरी भत्ता वितरण गर्ने गरेको जानकारी पाइयो । कार्य विधिको पालना गर्नु पर्दछ ।

२८. **भुक्तानीमा कर** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा तोकिएको भुक्तानीमा अग्रिम कर कट्टा गर्नेपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले यो बर्ष २७ फर्म व्यक्ति लाई रु. ३८३५५९७-

भुक्तानीमा कट्टी गर्नुपर्ने रु. ३,८३,५१४/- आयकर/बहाल कर कट्टी गरेको पाइएन । उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

२९. **गुरुयोजनामा नपरेको** : कृषि तथा स्थानीयस्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) कार्यान्वयन निर्देशिका, २०६३ को निर्देशिका ५(२) मा जिल्ला गुरु योजनामा प्राथमिकतामा परेका स्थानीय जनताको आधारभूत सेवा तथा अवसरमा पहुँच अभिवृद्धि गर्ने सडकको छनौट गरी निर्माण गर्नुपर्ने तथा मन्त्रालयको निर्देशन, २०६९।७० को बुँदा नं.१ मा जिल्ला यातायात गुरुयोजनाभित्र पहिचान भएका सडक योजनालाई मात्र बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ । यो वर्ष यस कार्यक्रममा रु.१ करोड ५० लाख बजेट व्यवस्था भएकोमा सडक निर्माणतर्फ ७ वटा सडक मर्मततर्फ एक सडक र ३ गा.वि.स. घ्यारु, पीसाङ तथा नार र फू गा.वि.स. जोड्ने सडकको लागि बजेट बाँडफाँड गरी खर्च गरेको छ । निकासा बजेटमध्ये रु.५,२६,८२८।- फिर्ता भएकोमा यो वर्ष विस्फोटक पदार्थ खरिदको बजेट रु.५ लाख खर्च हुन सकेको देखिएन ।

सडक निर्माणमध्ये यो वर्ष खाङसार तिलिचो (केसाङ) मेसोकान्त पास घोडेटो बाटो निर्माणको लागि यस कार्यक्रमबाट रु.१९,००,०००।- र विद्युत रोयल्टीबाट रु.१४,३०,०००।- समेत रु.३३,३०,०००।- अनुदान दिएकोमा निम्न व्यहोरा देखिएका छन्:

- विगत ७ वर्षदेखि काम हुँदै आएकोमा हालसम्मको कामको यथार्थ प्रगति स्पष्ट छैन ।
- यो वर्ष १८.८५ मिटर लम्बाईमा ८७ घनमिटर कडा चट्टान कटान गरेको नापी किताबबाट देखिन्छ तापनि ल.ई. तथा नापी किताबमा कुन चेनेज नं.मा वा संकेतमा काम भएको हो उल्लेख भएको छैन ।
- यो आर्थिक वर्षमा दिएको पेश्की रु.१९,००,०००।- २०७३ भाद्रमा फछ्र्यौट गरेको छ । २०७२।१२।१ देखि २०७३।३।१५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७२।१२।१ मा उपभोक्ता समितिसंग सम्झौता भए तापनि उपभोक्ता समितिले कामदार हिमपात, अप्ठेरो स्थान जस्ता कारण देखाई २०७३।३।२० मा पूरै रकम पेश्की माग गरेकोमा कार्यालयले ३३ प्रतिशतभन्दा बढी पेश्की दिन नपाइने प्रावधान विपरीत २०७३।३।२० मा उल्लेखित कारणलाइ आधार मानी पूरै रकम पेश्की दिएको छ ।
- जिल्ला स्तरीय सडकको गुरुयोजना तयार गर्ने, कार्यान्वयन गर्ने जिम्मेवारी जिल्ला विकास समितिको हो । सडक निर्माण कार्यको शुरु र अन्तको Inventory तयार गरी खर्चलाई पारदर्शी बनाउनु पर्ने देखिन्छ । यस सडकको सम्बन्धमा आ.ब.२०६६।६७ देखि हालसम्म रु.९८ लाख ९९ हजार खर्च भईसक्दापनि के कति निर्माण कार्य सम्पन्न भयो भन्ने एकीकृत नापी किताब नहुनु, प्रत्येक वर्षको आवधिक प्रगतिलाई एकीकृत नगरिनु र सो सम्बन्धमा अनुगमन मूल्याङ्कन भई राय सुझाव सहित पृष्ठपोषण लिई बजेट विनियोजन तथा कार्यान्वयन नहुनुले यस्ता कार्यको प्रतिफल पाउने अवधिको निश्चितता देखिएन । जिल्लाको यातायात गुरु योजना बनाई सो अनुसार सबै सडकको रोड इन्भेन्ट्री तयार गर्नुपर्दछ ।

३०. **गाउँ विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २०७१।७२ को अन्तिम लेखापरीक्षण भएका १३ गाउँ विकास

समितिहरुमध्ये पीसाङ गाउँ विकास समितिको वित्तीय विवरणबाट अनुदान प्राप्त गरेको रकम रु.३,७१,१६०।- मौज्दात राखेको देखियो । उक्त रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

३१. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष रोयल्टी व्यवस्थापनबाट तलेखु चिहान घर निर्माण गर्दा खरिद गरेको सिमेण्ट, जस्ता र रडको रु.५१,०२४।- खर्च लेखेकोमा उक्त सामान खरिदको बिल पेश भएको छैन ।

३२. **अधुरा योजना** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । गत बिगतदेखि सञ्चालित रु.१० लाखभन्दा बढीका ४ योजनामा यो वर्ष रु.५३,२०,०००।- खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् । समयमै सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३३. **बेरितको कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति  फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले रीतपूर्बकको कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हिमाल हार्ड वेयर, लम्जुङको बिभिन्न ७ बिलहरुमा शुरु छपाईको बीजक नम्बरलाई मेटी बिलको तल नम्बर स्ट्याम्प गरेको कैफियत देखिएकोले उक्त बिलहरुमा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.१,००,९८३।- दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३४. **स्थायी लेखा नम्बर** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.५ हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अद्धिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५ हजारभन्दा बढीको निम्न ३१ वटा फर्मबाट रु.६,४७,१५७।- मूल्यको सामान उल्लिखित प्रमाण बेगर खरिद गरेको देखियो ।

३५. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तेस्रो चौमासिकमा २ वटा ठेक्का व्यवस्थापन गरेको देखियो । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुँदा कार्यप्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

## स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम

३६. **खर्चको उपादेयता** : स्थानीय नागरिकको आय आर्जनमा अभिवृद्धि गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट र विगतमा गठन भएका नागरिक सचेतना केन्द्र मार्फत सञ्चालित ४१, वडा नागरिक मञ्च १३, सामाजिक परिचालक, २ सेवा प्रदायक संस्था, लैङ्गिक परीक्षण, कम्प्युटर तथा कार्यक्रम अधिकृत र तालिम सञ्चालन लगायतका कार्यमा यो वर्ष रु.५४,३८,६३३।- खर्च भएको छ । नागरिक सचेतना केन्द्रलाई विगतमा गएको जीविकोपार्जन सुधारको कार्यक्रमको अवस्था सम्बन्धमा २ सेवा प्रदायकबाट अनुगमन गराई प्रतिवेदन लिएकोमा सबै नागरिक सचेतना केन्द्रले ६ प्रतिशत व्याजमा रकम परिचालन गरेको पाइयो । नागरिक सचेतना केन्द्र, साना सामुदायिक पूवांधार विकास अनुदान सम्बन्धी मार्गदर्शनमा उपभोक्ता समिति र अनुगमन समिति गठन गरी नागरिक सचेतना केन्द्रको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा मूल्याङ्कन गाउँ विकास समितिले गर्नुपर्ने र

सबै योजनाको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिल्ला विकास समितिको कार्यालयमा प्राप्त गरेको पुष्टि हुने प्रमाण पेश नभएकोले विगतमा भएको खर्च रकम उद्देश्यमूलक भएको छ भनी विश्वस्त हुने प्रमाण पेश गर्नु पर्दछ ।

३७. **जनसहभागिता** : निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०५८ को नियम ३ को उपनियम ६(ग) मा संविधान सभा सदस्यले छनौट गरेका कार्यक्रममा कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ । कार्यालयले जिल्लाबाट निर्वाचित तथा मनोनित १ संविधानसभा सदस्यबाट छनौट भएका ११ वटा कार्यक्रम कार्यान्वयन गराउँदा निम्नानुसारका ३ कार्यक्रममा २० प्रतिशतले हुने रु.१,९०,४२१।- जनसहभागिताबाट कार्य गराउनु पर्नेमा रु.९७,२०४।- को मात्र जनसहभागिताबाट कार्य गराउने गरी उपभोक्ता समितिसंग सम्झौता गरेको कारणले रु.९३,२१७।- बढी खर्च भएको छ । कार्यविधि विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले ११ कर्मचारीलाई दिएको पेश्की रु. ३९,५१,३२८/- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिँदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा खरिद इकाई गठन नभएको, बार्षिक खरिद योजना नबनाएको, राजस्व प्राप्ती वा आम्दानी गर्दा नगदी रसीद प्रयोग नगरेको र रसीद नियन्त्रण खाता नराखेको, इलाका कार्यालयबाट प्राप्त राजस्वको विवरण र कार्यालयले तयार गरेको विवरण भिडान नभएको, जिन्सी सामानहरुको मर्मत तथा लिलाम प्रक्रिया अवलम्बन नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची-१४ (आर्थिक कारोबारको वार्षिक संक्षिप्त प्रतिवेदन) तयार गरी तालुक निकायमा नपठाएकोले जस्ता अवस्था देखिएका छन  प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **दरबन्दी व्यवस्था** : कार्यालयले प्रस्तुत गरेको दरबन्दी विवरण अनुसार स्वीकृत दरबन्दी ३६ पदमध्ये २८ पदपूर्ति भई ८ पद रिक्त रहेको अवस्था देखिएको छ । स्वीकृत दरबन्दी अनुसारको पदपूर्ति नहुँदा कार्यालयले प्रदान गर्ने सेवाको स्तरमा असर पर्ने देखिन्छ । पदहरु आवश्यक भए नियमानुसार पदपूर्ति हुनुपर्ने र अन्यथा दरबन्दी मिलान गरी सोही अनुसारको संगठनात्मक संरचना तयार हुनुपर्दछ । कार्यालयले छलफलको क्रममा दरबन्दी आवश्यक भएको र यस सम्बन्धमा लोकसेवामा माग भई गएको जानकारी गराएको छ ।

३. **उपभोक्ता समितिको लेखापरीक्षण** : वन ऐन, २०४९ को दफा २५, २६ र ३० अनुसार सामुदायिक वन उपभोक्ता समूहले आफ्नो वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत रहेका ३ सामुदायिक वनमध्ये तिल्चे सामुदायिक वनको वातावरणीय अध्ययन कार्य हुन नसक्दा कार्ययोजना नवीकरण हुन नसकेकोले त्यस्ता समस्याको सम्बन्धित निकायले समाधान गर्नुपर्ने देखियो । कार्यालयले आय स्रोत कम भएकोले यो कार्य गराउन समस्या रहेको जनाएता पनि कानुनको परिपालना गर्नु पर्दछ ।

४. **विरुवा उत्पादन तथा वितरण** : कार्यालयले यस आ.ब.मा ४०,००० (चालिस हजार) सामान्य जातका र १० हजार निरमसी जातका विरुवा उत्पादन गरेकोमा सो अनुरुपका विरुवाहरु वितरण गरेको

अभिलेख व्यवस्थित गरेको पाइएन । कार्यालय परिसर र धरमपानीमा रहेको वन नर्सरीमा कुरिलो, सल्ला लगायतका २० हजार विरुवा नर्सरी मै रहेको देखियो । उत्पादित विरुवाको वृक्षारोपण गर्ने गराउने र त्यसको सदुपयोग तथा संरक्षण गराउन कार्यालयले पहल गर्नुपर्दछ ।

५. **घटी राजस्व** : वन नियमावली, २०५१ को नियम ६८ ले दिएको अधिकार प्रयोग गरी राजपत्रमा प्रकाशित दर अनुसार जडिबुटीहरुको दस्तुरमा २०७२।७।१७ देखि लागू हुने गरी दरहरु परिवर्तन गरेको छ । यस कार्यालयले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय मातहतमा रहेका वन क्षेत्रबाट निकासी भएको यार्सागुम्बाको परिमाणको रु. २,४३,३१५।  राजस्व घटी दाखिला भएको सम्बन्धमा २०७३।३।१६ मा अन्नपूर्ण संरक्षण क्षेत्रमा पत्राचार गरेकोमा उक्त रकम २०७३ कार्तिक मसान्तसम्म प्राप्त भएको देखिएन । अतः नियमानुसारको राजस्व सम्बन्धित निकायबाट दाखिला गराई प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कुनै पनि कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेका पूराना सामानको मूल्य कायम एवं जिन्सी निरीक्षण प्रतिवेदन लिई कारबाही नगरेको भ्रमणको व्यहोरा खुलाई भ्रमण अभिलेख खाता नराखेको जस्ता अवस्था देखिएका छन । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **दरबन्दी सम्बन्धमा** : कार्यालयमा यस आ.ब.मा १९ जना विभिन्न पदका दरबन्दी स्वीकृत भएकोमा वर्षै भरी बढीमा १४ जनासम्म कर्मचारी कार्यरत रहेको पाइयो । स्वीकृत दरबन्दी अनुसारका कर्मचारी नभई प्रवाहित सेवा अपेक्षित स्तरको हुन नसक्ने भएकोले स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति वा अनावश्यक दरबन्दी मिलान हुनुपर्ने देखिन्छ भनी उल्लेख गरिएकोमा सम्बन्धित निकायमा “माग पठाइएको” व्यहोरा छलफलमा जानकारी गराइएको छ ।

३. **ख-६ समूह खाता सञ्चालन** : एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७२ को निर्देशन नं.६ मा म.ले.नि.का.बाट तोकिएको अवस्थामा बाहेक सम्बन्धित को.ले.नि.का.को नाममा मात्र ख-६ समूहको एकल खाता रहने छ भन्ने व्यवस्था भएकोमा जिल्ला दैवी प्रकोप उद्धार समितितर्फको एकीकृत आर्थिक विवरण अनुसार विभिन्न शीर्षकमा रहेको बैंक खातामा रु.१०,५२,३२,३१७— मौज्दात रहेको पाइयो । यस्ता विभिन्न रकमहरु को.ले.नि.का.मा रहेको ख-६ समूह खाता मार्फत एकीकृत रुपमा सञ्चालन हुनुपर्नेमा कार्यालयबाट सिधैं सञ्चालन गरेको छ । यस्तो कोषहरुको सञ्चालन कोष तथा लेखा नियन्त्रक कायांलयमा रहेको ख-६ समूह खाता मार्फत सञ्चालन गरिएको प्रमाण पेश हुनुपर्दछ ।

४. **सक्कल स्रेस्ता केन्द्रमा पठाएको** : विविध खातामा आम्दानी भएको शान्ति तथा पुनः निर्माण मन्त्रालयबाट प्राप्त रु.३,००,०००।- तथा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट प्राप्त भएको रु.१०,०००।- समेत जम्मा रु.३,१०,०००।- सक्कल स्रेस्ता सम्बन्धित केन्द्रीय निकायमा पठाएकोले लेखापरीक्षण भएको छैन ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कुनै पनि कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयको

आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा खरिद इकाईको व्यवस्था नगरेको, वार्षिक खरिद योजना बनाएको, मूल्य टेबुल, रिभल्भीङ चियर लगायतका सामानहरु आवश्यक मर्मत हुन सक्ने भए मर्मत र नसक्ने भएमा लिलाम प्रक्रिया नअपनाएको, भ्रमणको व्यहोरा खुलाई भ्रमण अभिलेख खाता नराखेको जस्ता अवस्था देखिएका छन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **दरबन्दी व्यवस्था** : कार्यालयको लागि स्वीकृत १० दरबन्दीमध्ये वर्षभरमा २ दरबन्दी रिक्त (१ खरिदार र १ ना.सु.) भएकोमा कार्यालयले प्रदान गर्ने सेवास्तरमा अपेक्षित योगदान पुग्न नसक्ने सम्बन्धमा औंल्याइएकोमा पदपूर्ति हुने क्रममा रहेको कार्यालयको भनाई रहे तापनि मौजुदा दरबन्दी अनुरुपको जनशक्ति पूर्ति हुनुपर्ने देखिएको छ ।

३. **मू.अ.कर भुक्तानीको जानकारी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार मू.अ.कर वीजक र कर भुक्तानी गर्दा भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोमा कार्यालयले यो वर्ष ३ आपूर्तकबाट खुला दरभाउपत्रको खरिद सामानमा भुक्तानी गरेको रु. ५६,७०४।– मू.अ.करको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । करदाताको कारोबारमा समावेश भएको भन्ने यकिन प्रमाण पेश हुनुपर्ने देखिएको छ ।

४. **घटी मूल्याङ्कन** : कार्यालयले यो वर्ष गरेका रजिष्ट्रेशनमा नमूना छनौट गरी १० रजिष्ट्रेशनको कारोबार अध्ययन गर्दा रजिष्ट्रेशन नं.४७ को कारोबारका ऋणी घ्यारु गा.वि.स.वडा नं.८ बस्ने एक व्यक्ति आफ्नो नाममा रहेको डावल गा.वि.स.वडा नं.८ को कित्ता नं.५६, २१४ र ५५ को जग्गा २ व्यक्तीलाई बिक्री गरेकोमा सरकारी मूल्याङ्कनको दररेट प्रतिरोपनी रु.६८,०००।- ले हुने मूल्य रु.४२,२६,६८९।- कायम गर्नुपर्नेमा रु.२५,८०,५००।- कायम गरी सोही अनुसार राजस्व असुल गरेको पाइयो । यसबाट रजिष्ट्रेशन दस्तुरतर्फ घटी मूल्याङ्कन गरेको रु.१६,४६,१८९।- को २ प्रतिशतले हुने रु.३२,९२३।– मा महिला समेतको नाउँमा रजिष्ट्रेशन भएकोले निजले पाउने ५० प्रतिशत छुट घटाउँदा हुने रु.१६,४६१।– रजिष्ट्रेशन शुल्क असुल गर्नुपर्ने देखियो । त्यसै गरी पूँजीगत लाभकरतर्फ रु.३० लाखभन्दा बढीको रु.१२,२६,६८९।- मा पाँच वर्ष पछिको रु.१२,२६,६८९।- को २.५ प्रतिशतले हुने रु.३१,६६७।– ले कर छुट भएको हुँदा उल्लेखित खरिद र बिक्रीकर्ताबाट रु.४८,१२८।– असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

५. **निरीक्षण अनुगमन** : यो वर्ष केन्द्रीय स्तरबाट यस कार्यालयको २ पटक र माननीय मुख्य न्यायाधीशबाट १ पटक कार्यालयको निरीक्षण भएको पाइयो । केन्द्रीय कार्यालयबाट निरीक्षण हुँदा दिएको निर्देशनमा कार्यालय भवन निर्माणको लागि जग्गाको व्यवस्थालाई पहल गर्न निर्देशन भए तापनि कार्यालयले त्यसतर्फ कुनै पहल गरेको देखिएन ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कुनै पनि कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई नराखेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची-१४ (आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन) तयार गरी तालुक कार्यालयमा नपठाएको, राजस्व प्राप्ति वा आम्दानी गर्दा

नगदी रसीद प्रयोग गरेको र रसीद नियन्त्रण खाता नराखेको पाईयो। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउनेतर्फ कार्यालय समयमा नै सचेत भई उचित व्यवस्थापन गर्नुपर्दछ।

२. **बार्षिक प्रगति** : कार्यालयबाट प्राप्त भएको बार्षिक कार्यक्रम र प्रगति विवरण अनुसार भवन मर्मत लगायत २२ क्रियाकलापमा शून्य प्रगति देखियो। ७५ प्रतिशतभन्दा घटी प्रगति भएका अन्य कार्यक्रमहरुको सम्बन्धमा समेत प्रगति हुन नसक्नाको कारण पेश हुनुपर्दछ।

३. **राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम** : व्यवस्थापनमा रु.९०,०००।- खर्च नभएको अवस्थामा स्रोत शिक्षक छनौटका लागि रु.८०,०००।- खर्च लेखेको र समीक्षा बैठक बापत वित्तीय खर्च रु.२१,०००।- लेखेकोमा स्पष्ट आधार पेश गर्नुपर्दछ।

४. **शिक्षक, विद्यार्थी तथा दरबन्दी मिलान** : जिल्लामा आर्थिक वर्ष २०७२।७३ मा जम्मा सामुदायिक विद्यालय संख्या २७ रहेकोमा कुल विद्यार्थी संख्या ८१० र शिक्षक दरबन्दी राहत समेत १९६ रहेकोमा विद्यार्थी संख्या ८१० रहेको छ। शिक्षक विद्यार्थी अनुपात हेर्दा १ शिक्षक बराबर ४ विद्यार्थी रहेको देखिन्छ। निम्न ५ विद्यालयमा १ शिक्षक बराबर एउटा विद्यार्थी पनि रहेको पाइएन। कार्यालयको २०७३ जेठको फ्लास रिपोर्ट र २०७२ जेठको फ्लास रिपोर्ट अनुसार २७ सामुदायिक र १ निजी समेत २८ विद्यालयमध्ये ६ वटा विद्यालयको शिक्षक र विद्यार्थीको अवस्था अध्ययन गर्दा निम्नानुसार देखिएको छ :

| क्र. सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | कार्यरत शिक्षक | विद्यार्थी | | जम्मा | फ्ल्यास रिपोर्ट ७२ |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | |
| १. | अमर प्रा.वि., धारापानी | राहत, ४+१=५ | ५ | १ | १ | २ | १२ |
| २. | विश्व शान्ति प्रा.वि., चामे | **४+१=५** | ५ | ० | ५ | ५ | १२ |
| ३. | फु प्रा.वि., फु | ३ | ३ | २ | २ | ४ | ८ |
| ४. | हुम्दे नि.मा.वि., हुम्दे | प्रा.वि., ५+३=८ | ८ | २ | १ | ३ | ५ |
| ५. | टंकी प्रा.वि., टंकी मनाङ | ५ | ५ | ० | २ | २ | ७ |
| ६. | खाङसार नि.मा.वि. (तिलिचो) | प्रा.वि., ४+३=७ | ७ | १ | १ | २ | ८ |

उल्लेखित विद्यार्थी संख्या हेर्दा निजी क्षेत्रबाट सञ्चालित लोफेलिङ बोर्डिङ स्कूलमा कक्षा ३ सम्मको विद्यार्थी संख्या ४३ रहेको छ। सामुदायिक विद्यालयतर्फ २, उच्च मा.वि.-२ र मा.वि.बाहेक अन्य विद्यालयमा निजी क्षेत्रको विद्यालयमा जति विद्यार्थी कुनै पनि विद्यालयमा नहुनुले सामुदायिक विद्यालय प्रति अभिभावकको आकर्षण घट्दै गएको देखियो।

विद्यालयगत रुपमा विद्यार्थी तथा शिक्षकको दरबन्दी मिलान नगरेको कारण विद्यार्थीको अनुपातमा शिक्षक बढी देखिएको छ। फ्लास रिपोर्ट ७२ जेठको तुलनामा फ्लास रिपोर्ट ७३ मा प्रत्येक सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको उच्च ह्रास देखिएकोले यस सम्बन्धमा विद्यालय प्रशासनले आफ्नो मूल्याङ्कन गरी सुधार गर्नुपर्ने देखियो।

५. **भुक्तानी बाँकीको विवरण** : विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट २ निर्माण व्यवसायीलाई अगुवा स्रोत केन्द्र चामे निर्माणको तेस्रो तथा अन्तिम बिलको लागि वि.नं.०००४-०७३।३।२९ बाट बिल रकम रु.१२,८९,७२१।- र मू.अ.कर रु.१,६७,६७६।- समेत रु.१४,५७,४९८।- खर्च लेखेको छ। धरौटी अग्रिम कर कट्टी गरे तापनि मू.अ.करको जानकारी दिएको छैन। उक्त निर्माण कार्यको लागि मू.अ.कर सहितको लागत अनुमान रु.३३,५१,७३०।- भएकोमा निर्माण व्यवसायीले रु.३२,०४,१३५।- मा बोलपत्र पेश गरी कबोल स्वीकार गरेर २०६४।१२।१४ मा २०६७ मंसीर मसान्तसम्म काम सम्पन्न गर्ने गरी सम्झौता गरेको रहेछ। उक्त कार्य सोही अवधिमा सम्पन्न गरेकोमा सोही ठेक्कासाथ निज व्यवसायीले लिएको अर्को ठेक्का हिमाली

छात्रावासको निर्माण कार्यमा भ्रष्टाचारको उजुरीका कारण तत्काल तेस्रो बिलको भुक्तानी हुन नसकेकोमा उक्त मुद्दाको विवाद २०६९।५।३ मा सर्वोच्च अदालतबाट टुङ्गिएको र तत्पश्चात निर्माण व्यवसायीको माग अनुसार शिक्षा विभागको च.नं.४७५-०७३।२।४ को पत्रको आधारमा तेस्रो र अन्तिम बिल बापतको रकम रु.१४,७५,४९८।- खर्च लेखेको पाइयो । विभागको पत्रको आधारमा भुक्तानी गरे तापनि २०६७ मंसीर पश्चात म्याद थप भएको तथा भुक्तानी बाँकीको प्रमाण संलग्न नगरी भुक्तानी भएकोले सो को प्रमाण पेश हुनु पर्दछ ।

६. **असमान सुविधा** : उच्च माध्यमिक शिक्षा कार्यक्रमबाट दरबन्दी स्वीकृत भएको १ र अनुदान उपलब्ध हुने ३ शिक्षक समेत जम्मा ४ शिक्षकको लागि रु.१४,५९,०००।- बजेट व्यवस्था भएकोमा कार्यालयले दरबन्दीमा रहेको शिक्षकको लागि मासिक रु.२७,३७०।- ले १३ महिनाको तलब रु.३,५५,८१०।- खर्च लेखेको र अनुदानमा ३ शिक्षकलाई १३ महिनाको तलबका अतिरिक्त मासिक रु.१,०००।- ले महँगी भत्ता समेत उपलब्ध गराएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को शिक्षक तलब भत्ता सम्बन्धमा दिएको निर्देशन ६ मा उच्च माध्यमिक विद्यालयमा शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराउने सम्बन्धमा निर्देशिका तथा निर्देशानुसार हुने उल्लेख भएकोमा यसरी असमान सुविधा दिने सम्बन्धमा भएको व्यवस्थाको निर्देशिका तथा निर्देशन पेश नभएकोले यस सम्बन्धी खर्च रु. ३६,०००/- का सम्बन्धमा यकिन हुन सकेन ।

७. **अनुगमन** : छनौट गरिएका विद्यालयहरु भानु मा.वि., काललाई रु.५,००,०००।- तथा भ्राका प्रा.वि.लाई रु.३,००,०००।- समेत रु.८,००,०००/- कम्प्युटर ल्याव, मेशिनरी उपकरण खरिद गर्न रकम उपलब्ध गराइएकोमा खरिद गरिएका सामानहरु विद्यालयको जिन्सी खातामा आम्दानी जनाएको र सम्बन्धित प्राविधिकबाट गुणस्तर जाँचपास गराई जिल्ला शिक्षा कार्यालयबाट अनुगमन कार्य भएको प्रमाण पेश भएको छैन ।

८. **मूल्य अभिवृद्धि करको जानकारी** : मू.अ.कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का वा करारको भुक्तानीमा दिएको मूल्य अभिवृद्धि करको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएर मात्र भुक्तानी खर्च लेख्नुपर्ने व्यवस्था विपरीत कार्यालयले आ.ब.२०७२।७३ को अन्तमा सवारी साधन खरिदमा दिएको पेश्की अ.व.२०७३।७४ मिति २०७३।४।१० मा फछ्र्यौट गरेकोमा सो अवस्थामा एक कम्पनीको बिल मूल्य रु.२९,८६,७२५।६६ मा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.३,८८,२७४।३४ को जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन भने एक प्रा.लि.लाई सवारी साधन खरिदको विज्ञापन सम्बन्धी खर्च रु.८०,०००।- मा मू.अ.कर भुक्तानी रु.१०,१४०।- उक्त रकम निज करदाताको कारोबारमा समावेश भएको प्रमाण पेश गर्नुपर्दछ ।

९. **दरबन्दी** : स्वीकृत दरबन्दी १७ जना भएकोमा १० जनासम्म जनशक्तिबाट सेवा प्रदान गरेको देखिन्छ । यसरी स्वीकृत दरबन्दीभन्दा ७ कर्मचारी कम हुँदा समेत कार्यालय सञ्चालन भइरहेको अवस्थामा कार्यबोझ अनुसारको संगठनात्मक संरचना तयार भई वास्तविक दरबन्दी कायम हुनुपर्ने देखियो ।

१०. **भरपाई** : एस.एल.सी.परीक्षा २०७१ (पूरक) सञ्चालन गरी रु.८६,९७०।- को खर्चका बिल भरपाई पेश भएकोमा सुरक्षा कार्यमा खटिएका व्यक्तिलाई बुझाएको रु.१८,०००।- को भरपाई पेश भएको छैन भने अर्को एक कर्मचारीको एस.एल.सी.परीक्षा, २०७२ सञ्चालन पेश्की रु.२,७५,०००।- फछ्र्यौट गर्दा सुरक्षाकर्मीलाई बुझाएको रु.१८,०००।- को भरपाई पेश नभएकोले पेश हुनुपर्दछ ।

११. **कार्यपत्र बेगरको भुक्तानी** : आनौपचारिक शिक्षा कार्यक्रमबाट २०७२।८।९ मा सञ्चालित प्रवोधिकरण कार्यक्रममा कार्यपत्र र प्रवचन दिए बापत श्री प्रसाद गुरुङ, खुलानाथ गौतम र लोक नारायण भतराईलाई विना कार्यपत्र प्रति प्रशिक्षक रु.७००।- का दरले रु. २,१००/- भुक्तानी दिएकोमा कार्यपत्र बेगरको खर्च असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **आम्दानी अभिलेख** : जिल्ला स्तरीय परीक्षा समितिबाट यस वर्षमा आम्दानी रु.२८,४००।- सहित (विभिन्न शीर्षकबाट) कूल आय रु.२९,५१५।३५ भई खर्च रु.२०,०००।- भएको आय-व्यय विवरण प्रस्तुत भएकोमा आम्दानीको शीर्षकगत आम्दानी अभिलेख नराखिएबाट कुन शीर्षकमा के कति आम्दानी भयो भन्ने यकिन हुन सकेन । त्यसै गरी जिल्ला शिक्षा समिति कोषमा यस वर्षको आम्दानी रु.१,२३,१३३।- सहित रु.२,०८,९५५।७५ देखाइएकोमा शीर्षकगत आम्दानी अभिलेख नराखिएबाट कुन शीर्षकमा के कति आम्दानी भयो भन्ने यकिन हुन सकेन । साथै जिल्ला शिक्षा कोषको रकम खर्च गर्दा वार्षिक बजेट स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी भएको आय-व्ययलाई स्वीकृति भएको देखिएन ।

१३. **उपस्थिति** : थोराङ पिक सा.अ.केन्द्र र घ्यारु सा.अध्ययन केन्द्रमा भर्ना संख्या क्रमशः २० र १० भए तापनि विद्यार्थी उपस्थित नै नभएको अवस्थामा अनौपचारिक शिक्षा तथा निरन्तर कार्यक्रमको कार्यान्वयन अवस्था सम्बन्धमा वि.नि.श.कर प्रसाद बरालले २०७३।३।३० मा प्रतिवेदन पेश गरेको देखियो । विद्यार्थी नै नभएको अवस्थामा उक्त २ सामुदायिक अध्ययन केन्द्रलाई पाठ्य सामग्रीको रु.२,०००।-, मसलन्दको रु.७,०००।- सहजकर्ता पारिश्रमिक रु.१६,०००।-, कक्षा व्यवस्थापन रु.१,०००।- गरी रु.२६,०००।- ले दुई सा.अ.के.लाई रु.५२,०००।- भुक्तानी दिएकोमा पूरै रकम खर्च नहुने स्पष्ट भएकोले यस्तो रकमको खर्च यकिन गरी बाँकी रकम बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

१४. **छात्रवृत्तिको भरपाई** : २३।२०७३।२।२० बाट ६ विद्यालयहरुलाई उपलव्ध गराएको २५ छात्रा, दलित, माध्यामिक छात्रवृत्ति सम्बन्धित विद्यार्थीलाई वितरण गरी बिद्यालय निरीक्षक एवं स्रोत व्यक्तिको सिफारिस समेत गराई सम्बन्धित बिद्यालयबाट भरपाई पेश हुनुपर्नेमा ले.प.अवधि २०७३ मंसीर ४ सम्म कार्यालयमा प्राप्त भएको नदेखिएकोले सो सम्बन्धमा यकिन गरी रु.५३,९००/- को बिल भरपाईका प्रमाण पेश गर्नुपर्दछ ।

१५. **विद्यालय सुधार** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(१) अनुसार सार्वजनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, योजना, नक्सा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने र दफा ५ अनुसार रु.२५ हजारभन्दा बढीको खरिद गर्न लागत अनुमान तयार गर्नपर्ने व्यवस्था छ। सोको पर्याप्त प्रमाण नराखी २०७३।३।३ र २०७३।३।२१ बाट विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमको लागि विभिन्न विद्यालयलाई क्षमता विकास एवं भौतिक पूर्वाधार विकास कार्यको लागि आवश्यक सामग्रीहरु खरिद गर्नको लागि आषाढ महिनामा १९ विद्यालयको खातामा पठाएको रु. १,०१,५०,०००/- को सम्बन्धमा विद्यालयसंग गरेको सम्झौता, लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुन नआएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

१६. **राजस्व** : कार्यालयले यस वर्षमा रु.३,९२,७६६।५० विभिन्न शीर्षकबाट आम्दानी देखाएकोमा आम्दानीको शीर्षकगत अभिलेख राखी असुली दाखिलाको विवरण राख्नुपर्ने देखिन्छ ।

# जिल्ला स्वास्थ्य कार्यालय

१. **कार्यक्रम तथा प्रगति** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन तथा कार्यक्रम स्वीकृत भएकोमा कार्यालयबाट प्राप्त भएको बार्षिक कार्यक्रम र प्रगति विवरण अनुसार १०७ कार्यक्रममा २७ कार्यक्रम संचालनलनै नभइ सून्य प्रगति, २ कार्यक्रममा २५ र २ कार्यक्रममा ५० प्रतिशत भएको देखिन्छ। लक्ष्य अनुसारको प्रगति हासिल गर्न कार्यालयले पहल गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणाली :** कुनै पनि कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा मूल्याङ्कन गर्दा मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई नराखेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, राजस्व प्राप्ति वा आम्दानी गर्दा नगदी रसीद प्रयोग गरेको र रसीद नियन्त्रण खाता नराखेको, वार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेको पूराना सामानको मूल्य कायम गराई नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको, कार्यक्रमगत खर्च अभिलेख खाता र कार्य अभिलेख खाता नराखेको, बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखि भुक्तानी भएको जनाउने छाप नलगाएको, जिन्सी निरीक्षण प्रतिवेदनले मर्मत वा लिलाम गर्नुपर्ने भनी औंल्याइएका सामानहरुको सम्बन्धमा आवश्यक पहल गरी मर्मत वा लिलामको प्रक्रिया तत्काल शुरु नगरेको जस्ता अवस्था देखिएका छन प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

३. **मूल्य अभिवृद्धि कर** : मू.अ.कर नियमावली, २०५३ को नियम ६(क) अनुसार मू.अ.कर भुक्तानीको जानकारी दिएर मात्र कर भुक्तानी दिनुपर्नेमा १२ आपूर्तिकर्तालाई दिएको मू.अ.कर रु.१,१७,५१७।- भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिएको नदेखिँदा उक्त रकम राजस्व दाखिला भएको यकिन हुन नसक्ने हुँदा सम्बन्धित आपूर्तिकर्ताले उक्त रकम कर विवरणमा समावेश गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्दछ।

४. **दरबन्दी व्यवस्थापन** : जिल्ला स्वास्थ्य कार्यालय, प्राथमिक स्वास्थ्य कार्यक्रमबाट कार्यालयले प्रस्तुत गरेको विवरण अनुसार यस आ.ब.मा कार्यालयमा ७२ जना विभिन्न तहको दरबन्दी स्वीकृत भएकोमा ५८ जनासम्म कार्यरत भएको देखिएको छ। कार्यालयलाई आवश्यक पदहरुबाट प्रदान गरिने सेवाको स्तरमा न्यून १४ जनाको सेवाबाट नकारात्मक असर पर्न जाने भएकोले सो सम्बन्धमा तुरुन्त व्यवस्थापन हुनुपर्दछ भनी औंल्याइएकोमा कार्यालयबाट "पदपूर्ति सम्बन्धमा कारबाही भइरहेको" भनी जनाइए तापनि दरबन्दी अनुरुपको जनशक्तिको तत्काल पदपूर्ति हुनुपर्ने देखिन्छ।

५. **दोहोरो भत्ता** : जिल्ला अस्पताल कार्यक्रमबाट स्वास्थ्य मन्त्रालयको २०७३।२।७ को पत्रले प्रयोगशाला भत्ता पाउने कर्मचारीले अन्य कुनै पनि प्रकारको भत्ता नपाउने गरी सचिव स्तरबाट २०७३।२।७ को निर्णय भएको जानकारी गराएकोमा यस कार्यालयमा कार्यरत २ कर्मचारीले एउटै समयमा जोखिम भत्ता र अतिरिक्त समय भत्ता रु.२८,३४२/- भुक्तानी लिएको देखिँदा घटी भुक्तानी लिएको भत्ता रकम असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

६. **कार्य सञ्चालन सम्बन्धी** : यस शीर्षकमा बजेट रु.१,४९,०००।- व्यवस्था भई रु.१,४९,०००।- निकासा तथा खर्च देखाइएकोमा सक्कल स्रेस्ताहरु जिल्ला स्वास्थ्य कार्यालय, मनाङको च.नं.३५१

मिति २०७३।१।५ बाट राष्ट्रिय क्षयरोग केन्द्र थिमी, भक्तपुर पठाएकोले सक्कल फाँटवारीका आधारमा लेखापरीक्षण हुन नसक्ने देखिएको छ ।

७. **खर्चको आधार** : राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रमबाट सीप विकास तालिम बापत रु.१,००,०००।- का बिल भरपाई राखी कार्यसम्पन्न भएको भनी एक कर्मचारीको नामको पेश्की फछ्र्यौट भएकोमा खर्च भएको रकमको स्वीकृत नर्म्स तथा निर्देशिकाको आधार नभई खर्च भुक्तानी (सहभागी, सहयोगी, खाजा समेतमा) गरेको पाईयो । अतः खर्चको आधार पेश गर्नु पर्दछ ।

८. **दैनिक भ्रमण भत्ता** : दैनिक भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(२) ले यस जिल्लाको दैनिक भत्तामा १० प्रतिशत मात्र थप पाउने व्यवस्था गरेकोमा परीक्षणको क्रममा १४ कर्मचारीलाई २० प्रतिशत थपका दरले थप गरी रु.११,७४०/- भुक्तानी गरेको पाइयो । नियम विपरीत भएको भुक्तानी असुल गरी राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

९. **औषधि खरिद** : यो वर्ष औषधि खरिदमा रु.१३ लाख बजेट व्यवस्था भएकोमा आर्थिक प्रशासन शाखाबाट बोलपत्र विधिद्वारा खरिद गर्ने राय सहित टिप्पणी पेश हुँदा २०७२।६।२८ को निर्णयमा अत्यावश्यकीय औषधिहरु तुरुन्त खरिद गर्नुपर्ने र बोलपत्रद्वारा गर्दा लामो अवधि लाग्ने, हिमपातको समय नगिच आएको देखाई रु.२,९१,६९७- को औषधि सूचीकृत फर्मबाट खरिद गरेको तथा रु.९,९३,४४०।- औषधि सिलबन्दी दरभाउ पत्रबाट खरिद गरेको समेत २ फर्मबाट रु.१२,८५,१३७/- को औषधी खरिद गरेको छ । कार्यालयले खरिद योजना स्वीकृत गराई कार्यान्वयनमा नल्याएको र एकमुष्ट छुट्याएको बजेटलाई टुक्राई खरिद कार्य गरेका प्रणालीमा नियन्त्रण हुनुपर्दछ ।

१०. **दाखिला** : परीक्षणको क्रममा औषधि खरिद दाखिला भिडान गर्दा २ फर्मबाट खरिद गरेको रु. १,११,६५०/- को औषधि खरिद परिमाणभन्दा जिन्सी दाखिला अभिलेखमा कम देखिएकोले यस सम्बन्धमा वास्तविकता छानविन गरी यकिन प्रमाण पेश गर्नुपर्दछ ।

११. **गुणस्तर परीक्षण** : कार्यालयले एक इन्टरप्राइजेजबाट १६ थान स्ट्रेचर मू.अ.कर सहित रु.१,१७,५२०।- मा खरिद गरी आम्दानी देखाएकोमा उक्त स्ट्रेचरको बिलमा स्पेशिफिकेशन नखुलेको र सम्बन्धित प्राविधिकको गुणस्तर परीक्षण विना भुक्तानी खर्च लेखेको पाइयो । उक्त सामान ९ थान विभिन्न निकायमा हस्तान्तरण गर्दै गरे तापनि हालसम्म ७ थान विना प्रयोग अस्पतालमा रहेको देखिएकोले वास्तविक आवश्यक पहिचान नगरी खर्च लेखेको देखिन्छ ।

१२. **प्रयोग विहिन मेशिन** : अस्पतालमा २ वटा एक्स-रे मेशिन रहेकोमा २०६३ मा खरिद भएको एक्स-रे मेशिन खरिद भएको केही समय पश्चात भोल्टेज नपुगका कारण प्रयोग विहिन अवस्थामा रहेको छ । यस्ता महत्वपूर्ण उपकरणलाई तत्काल प्रयोगमा ल्याउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

१३. **अत्यावश्यक मेशिन नभएको** : जिल्लाको भौगोलिक अवस्था र सेवाग्राहीको माग अनुसार अस्पतालको लागि वायो केमेष्ट्रि सेमी अटो एनालाइजर तथा सक्सन मेशिनको अभावमा सेवा प्रवाहमा असर परिरहेको व्यहोरा छलफलको क्रममा जानकारी गराइएको छ । गुणस्तरीय सेवा प्रवाहको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनु पर्दछ ।

१४. **ढुवानी भाडा हस्तान्तरण फाराम** : कार्यालयले विभिन्न औषधि तथा उपकरण स्वास्थ्य चौकीमा पठाउने क्रममा गाडीको हकमा सम्झौता अनुसारको भाडा रकम बहाल कर कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी भाडा भुक्तानी खर्च लेख्दा सामानको स्पष्ट विवरण र हस्तान्तरण फाराम संलग्न नगरी के.जी.मात्र उल्लेख गरी खर्च लेखेको पाइयो । ढुवानी सामानको पूर्ण विवरण उल्लेख

नगरी ढुवानी भाडामा भएको खर्च वास्तविक छ भनी आश्वस्त हुन सक्ने अवस्था नरहेकोले त्यसमा स्पष्ट पार्दै सुधार हुनुपर्दछ ।

## जिल्ला हुलाक कार्यालय

१. **दरबन्दी सम्बन्धमा** : कार्यालमा विभिन्न तहका ५८ जना विभिन्न पदहरुको व्यवस्था भएकोमा अधिकतम ३४ जनासम्म कर्मचारी कार्यरत भई २४ जना विभिन्न पदका कर्मचारी रिक्त भई कार्यालयको सेवा अपेक्षित हुन नसकेको अवस्थाबट सेवा प्रवाहको स्तरमा अनुकूल प्रभाव नपर्ने देखिएको सम्बन्धमा छलफलका क्रममा "माग गरी पदपूर्ति गरिने" छ भनी तत्परता जनाइएकोले सो अनुरुप कार्यान्वयन हुनुपर्दछ ।

२. **जिन्सी निरीक्षण सम्बन्धमा** : आ.ब. २०७२।७३ को जिन्सी निरीक्षण २०७३।५।७ मा भई प्रतिवेदन पेश हुन आएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) अनुसारको प्रतिवेदन तयार नभएको र उप-नियम २, ३, ४ अनुसार कारबाही नगरेकोले निरीक्षण उपादेयता देखिएन । यसमा सुधार गरिने जानकारी गराएको छ ।

३. **टिकट मौज्दात** : कार्यालयले प्रस्तुत गरेको टिकटतर्फको मौज्दात विवरण अनुसार गत वर्षको मौज्दात ५९,१३९ र यो वर्ष प्राप्त २१,००० थान समेत जम्मा ८०,१३९ थान रहेकोमा यो वर्षको टिकट १३,८९६ रहेकोमा बाँकी मौज्दात ६६,२४३ थान रहनुपर्नेमा मात्र ३७,६५१ थान टिकट जिम्मेवारी सारी २८,५९२ थान घटी सारेको पाइयो । छलफलको क्रममा विगतदेखि नै यस्तै रहेको जानकारी गराएकोले छानबिन गरी यकिन प्रमाण पेश हुनुपर्दछ ।

४. **पूँजीगततर्फ** : यो वर्ष कार्यालयले पूँजीगततर्फ भवन निर्माण सुधारमा रु.५० लाख विनियोजन गरेकोमा नयाँ भवन निर्माणमा मू.अ.कर सहित रु.३८,७०,७९०।- र भण्डार मर्मत सुधारमा रु.४,९८,२६९।- समेत जम्मा रु.४३,६९,०५९।- खर्च गरी कार्यसम्पन्न गरेको छ । नयाँ भवन निर्माणको लागि विनियोजित बजेटबाट बचत रकम कार्यक्रम नै संशोधन नगरी भण्डार मर्मत सुधार गरेकोले रु.४,९८,२६९/- नियमसम्मत् देखिएन ।

५. **धनादेशको मौज्दात** : विगत वर्षहरुदेखि मौज्दात रहँदै आएको रु.६१,१९९।५९ यो वर्षमा समेत कसैले भुक्तानी दावी नगरी मौज्दातमै देखियो । कहिलेदेखि कस्को नाउँमा रहेको रकम हो सो सम्बन्धमा कार्यालयले स्पष्ट पार्न नसकेकोले यस सम्बन्धमा केन्द्रीय धनादेशबाट आवश्यक कारबाही हुनुपर्दछ ।

## अस्पताल विकास समिति

६. **आय-व्यय** : गत वर्षको अल्या रु.१४,९६,९८४।- मा यस वर्षको आम्दानी रु.१,००,०००।- समेत रु.१५,९६,९८४। - मा रु.४,१३,६५३।- खर्च गरी बाँकी रु.११,८३,३३१।- देखाइएकोमा समितिको वार्षिक बजेट स्वीकृत गराई आम्दानी खर्च गर्नुपर्नेमा स्वीकृत भएको देखिएन । लेखापरीक्षणको क्रममा औंल्याउँदा "समितिको बजेट स्वीकृत गराई" खर्च गरिने र अब बस्ने सञ्चालक समितिको बैठकमा आय-व्यय अनुमोदन गराइने व्यहोरा जानकारी गराईएको छ । अतः अस्पतालले प्रसूती शीर्षकमा रु.५,२००।- आम्दानी देखाएकोमा के कुन दरबाट सो आम्दानी भएको भन्ने खुल्ने आधार प्रस्तुत नभएकोले आय स्रोत खुल्ने खाता स्रेस्ता अद्यावधिक गरी पेश गर्नुपर्ने देखिएको छ । त्यस्तै अस्पताल विकास समितिको आम्दानी प्रतिस्वास्थ्य चौकीबाट विरामी दर्ता बापत रु.१,५००।- देखि रु.७,०००।- ले १२ स्वास्थ्य चौकीको रु.१,००,०००।- आम्दानी देखाएको छ । आम्दानीको स्रोत खुल्ने अभिलेख पेश हुनुपर्दछ ।

२. **अभिलेख** : अस्पतालमा खरिद गरी प्राप्त भएका ३३ प्रकारका औषधिमध्ये नमूना परीक्षणबाट ११ औषधिमा रु.२,३८,८१४।- खर्च भएकोमा हस्तान्तरण वा माग फारामबाट कहाँ कहाँ सो औषधि खपत भयो भन्ने अभिलेख दुरुस्त नदेखिएकोले अद्यावधिक गर्नुपर्दछ ।

## दुर्गम क्षेत्र विकास समिति

१. **असूली** : यस कार्यालयको साविक देखि नै जिम्मेवारी सादै ल्याएको धरौटी रकम रु.३२ हजार सदस्याहा गर्नपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत २६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २५ कार्यलयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २६ मध्ये खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको कार्यक्रम पेश्की रु.२,५६,०००।. बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

(महेश्वर काफ्ले)
नायब महालेखा परीक्षक

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क

**लेखापरीक्षण विधि : विस्तृत** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला सरकारी वकील कार्यालय | २६ | ० | ० | ० | २६ |
| २ | जिल्ला आर्युवेद स्वास्थ केन्द्र | ७५ | ० | २ | ० | ७७ |
| ३ | जिल्ला कारागार कार्यालय | १७ | ० | ० | ० | १७ |
| ४ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ३९१२ | ३९१२ |
| ५ | जिल्ला वन कार्यालय | १३७ | ११ | ६ | ० | १५४ |
| ६ | जिल्ला प्रशासन कार्यालय | ८४ | ५ | १ | ९ | ९९ |
| ७ | विल्ला प्रहरी कार्यालय | ७६० | ५ | २ | ० | ७६७ |
| ८ | मालपोत कार्यालय | ४४ | १ | ० | १० | ५५ |
| ९ | केवल जङ्ग गुल्म | ९४१ | ० | ० | ० | ९४१ |
| १० | जिल्ला शिक्षा कार्यालय | ११६० | ४ | २ | ० | ११६६ |
| ११ | जिल्ला स्वास्थ कार्यालय | ४०३ | ० | ० | १ | ४०४ |
| १२ | जिल्ला हुलाक कार्यालय | २०३ | २ | ४ | ० | २०९ |
| १३ | अस्पताल बिकास समिति | ० | ० | ० | १६ | १६ |
| | **जम्मा:** | **३८५०** | **२८** | **१७** | **३९४८** | **७८४३** |

**लेखापरीक्षण विधि** : संक्षिप्त (रु लाखमा)

| क. स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला अदालत मनाङ्ग | ७० | ० | १२ | ० | ८२ |
| २ | जिल्ला निर्वाचन कार्यालय | ३२ | ० | ० | ० | ३२ |
| ३ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३९ | ० | ० | ० | ३९ |
| ४ | जिल्ला आयोजना कार्यालय | १२ | ४ | ३१ | ० | ४७ |
| ५ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५६ | ९३ | ९० | ७० | ३०९ |
| ६ | जिल्ला कृषि बिकास कार्यालय | २९७ | ० | २ | ० | २९९ |
| ७ | खानेपानी तथा सरसफाई सव डिभिजन | २८८ | ३ | ० | ० | २९१ |
| ८ | घरेलु तथा साना उद्योग बिकास समिति | ३७ | ४ | ३ | ० | ४४ |
| ९ | दुर्गम क्षेत्र बिकास समिति | ४० | ० | ० | ० | ४० |
| १० | जिल्ला पशुसेवा कार्यालय | २११ | ० | २ | ४ | २१७ |
| ११ | जिल्ला प्राविधिक कार्यालय | ४१ | ० | ० | ० | ४१ |
| १२ | महिला तथा वालवालिका बिकास कार्यालय | ६९ | १ | ० | २१ | ९१ |
| १३ | सिंचाई बिकास सव डिभिजन कार्यालय | १८६ | ० | ७ | २ | १९५ |
| १४ | स्थानीय बिकास कोषको सचिवालय | ० | ० | ० | ४१ | ४१ |
| १५ | नापी कार्यालय | ४९ | ० | ० | ० | ४९ |
| | **जम्मा** | **१४२७** | **१०५** | **१४७** | **१३८** | **१८१७** |
| | **कूल जम्मा** | **५२७७** | **१३३** | **१६४** | **४०८६** | **९६६०** |

**अनुसूची-२**

# बेरुजूको स्थिति

(रु हजारमा)

| क. स. | कार्यालयको नाम | सुरु बेरुजू | | समायोजनबाट मिलान | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | जिल्ला अदालत | १ | १८५१ | ० | ० | १ | ० | १८५१ | ० | १८५१ | - | - | - |
| २ | जिल्ला सरकारी वकिल कार्यालय | ३ | १५० | १ | ० | २ | १ | १५० | ० | १५० | - | - | - |
| ३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ३ | सैद्धान्तिक | १ | ० | २ | ० | ० | ० | | १ | | १ |
| ४ | जिल्ला कारागार कार्यालय | ३ | ९ | १ | ० | २ | ० | ९ | ० | ९ | - | - | - |
| ५ | जिल्ला बिकास समितीको कार्यालय | ६३ | १५३०२ | २५ | ० | ३८ | ४५५ | १०८९६ | ३९५१ | १५३०२ | ३०० | | ३०० |
| ६ | जिल्ला वन कार्यालय | ९ | २४३ | ४ | ० | ५ | २४३ | ० | ० | २४३ | - | - | - |
| ७ | जिल्ला प्रशासन कार्यालय | ५ | सैद्धान्तिक | १ | ० | ४ | ० | ० | ० | ० | - | - | - |
| ८ | मालपोत कार्यालय | ११ | १०५ | ६ | ० | ५ | ४८ | ५७ | ० | १०५ | - | - | - |
| ९ | जिल्ला शिक्षा कार्यालय | २७ | १३२११ | ११ | ० | १६ | ० | १३२११ | ० | १३२११ | - | - | - |
| १० | जिल्ला स्वास्थ्य कार्यालय | १९ | १७७४ | ५ | ० | १४ | ४० | १७३४ | ० | १७७४ | - | - | - |
| ११ | जिल्ला हुलाक कार्यालय | ६ | ४९९ | १ | ० | ५ | १ | ४९८ | ० | ४९९ | - | - | - |
| १२ | अस्पताल बिकास समिति | ४ | २३९ | २ | ० | २ | ० | २३९ | ० | २३९ | - | - | - |
| १३ | जिल्ला प्रहरी कार्यालय | २ | सैद्धान्तिक | २ | ० | ० | ० | ० | ० | ० | २ | | २ |
| १४ | खानेपानी तथा सरसफाइ सव डि भिजन कार्यालय | १ | २५६ | ० | ० | १ | ० | ० | २५६ | २५६ | - | - | - |
| १५ | महिला तथा वालवालिका बिकास कार्यालय | १ | सैद्धान्तिक | १ | ० | ० | ० | ० | ० | ० | - | | - |
| १६ | दूर्गम क्षेत्र विकास समिति | १ | ३२ | ० | ० | १ | ३२ | ० | ० | ३२ | - | - | - |
| | **जम्मा** | १५९ | ३३६७१ | ६१ | ० | ९८ | ८२० | २८६४४ | ४२०७ | ३३६७१ | ३०३ | - | ३०३ |

**द्रष्टव्य :**
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची-३

# जिल्ला विकास समितिको कार्यालयको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | खर्च |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | **८८८५४६९५.७९** | यो वर्षको खर्च | **५८१७२९१८.१४** |
| जि.वि.स.कोष | २३२७५८७.८६ | जि.वि.स.कोष | २३६३५४३.०० |
| उर्जा तथा वातावरण इकाई | १४७०६१७.४६ | उर्जा तथा वातावरण इकाई | १३०१०५५.०० |
| रजिष्ट्रेशन दस्तुर | २०६९६५५.१५ | रजिष्ट्रेशन दस्तुर | ८००००.०० |
| विद्युत रोयल्टी व्यवस्थापन | ५७२९५१३१.०५ | विद्युत रोयल्टी व्यवस्थापन | ३७०८२६६७.३३ |
| मानवीय संशाधन विकास कोष | २११८४५.५० | मर्मत सम्भार कोष | १७३९५८२.०० |
| मर्मत सम्भार कोष | २५५९०२२.४२ | प्रकोप व्यवस्थापन कोष | ३३७२५०.०० |
| वातावरण विकास कोष | ४३०००.०० | पर्यटन पदयात्रा दस्तुर | ६९५९१५.०० |
| महिला तथा बाल विकास कोष | २१०००.०० | पूरानो पर्वतारोहण रोयल्टी | १२८७००.०० |
| प्रकोप व्यवस्थापन कोष | ३२३०००.०० | कर्मचारी कल्याण कोष | ११६४१६०.०० |
| पर्यटन पदयात्रा दस्तुर | ६९५९१५.०० | धरौटी | ११७३७०.९३ |
| गरिबी निवारण तथा समाज प. कोष | १००००.०० | विद्युत रोयल्टी | १२३९४७.०० |
| विद्युत विकास विभाग ३७–४–१५० | ५२०६६.५५ | खाङसार तारे गुम्बा | ७८४४८५१.८८ |
| पूरानो पर्वतारोहण रोयल्टी | १२८७००.०० | पर्वतारोहण रोयल्टी | ५१९३८७६.०० |
| आदिवासी जनजाति उत्थान का. पूरानो | १२९१०४.०० | **मौज्दात** | **४४८११९९६.८२** |
| कर्मचारी कल्याण कोष | १३७२४३६.६४ | जि.वि.स.कोष | २४९०७०२.८६ |
| धरौटी | ६६६४६८.३४ | ग–४–३ मा आम्दानी बांधेको | १७६३८३.०० |
| वैकल्पिक उर्जा कार्यक्रम | ४९६६५५.९४ | उर्जा तथा वातावरण इकाई | १३८४५४८.५१ |
| विद्युत रोयल्टी | १२३९४७.०० | रजिष्ट्रेशन दस्तुर | २८२१७८२.५५ |
| खाङसार तारे गुम्बा | १०५५३५७७.८८ | विद्युत रोयल्टी व्यवस्थापन | २०२१२४६३.७२ |
| पर्वतारोहण रोयल्टी | ८३०४९६५.०० | मानवीय संशाधन विकास कोष | २१६८४५.५० |
| **यो बर्षको आय** | **१४१३०२१९.१७** | मर्मत सम्भार कोष | ८८९४४०.४२ |
| जि.वि.स.कोष | २५२६६५८.०० | वातावरण विकास कोष | १४८०००.०० |
| ग–४–३ मा आम्दानी बांधेको | १७६३८३.०० | महिला तथा बाल विकास कोष | २६०००.०० |
| उर्जा तथा वातावरण इकाई | १२१४९८६.०५ | प्रकोप व्यवस्थापन कोष | ८९०७५०.०० |
| रजिष्ट्रेशन दस्तुर | ८३२१२७.४० | पर्यटन पदयात्रा दस्तुर | २०७६०००.०० |
| मानवीय संशाधन विकास कोष | ५०००.०० | गरिबी निवारण तथा समाज प. कोष | १५०००.०० |
| मर्मत सम्भार कोष | ७००००.०० | विद्युत विकास विभाग ३७–४–१५० | ५२०६६.५५ |
| वातावरण विकास कोष | १०५०००.०० | आदिवासी जनजाति उत्थान का. पूरानो | १२९१०४.०० |
| महिला तथा बाल विकास कोष | ५०००.०० | कर्मचारी कल्याण कोष | ५६५८९४४.६४ |
| प्रकोप व्यवस्थापन कोष | ९०५०००.०० | धरौटी | १३०७४९४.१३ |
| पर्यटन पदयात्रा दस्तुर | २०७६०००.०० | वैकल्पिक उर्जा कार्यक्रम | ४९६६५५.९४ |
| गरिबी निवारण तथा सामाजिक परिचालक कोष | ५०००.०० | खाङसार तारे गुम्बा | २७०८७२६.०० |
| कर्मचारी कल्याण कोष | ५४५०६६८.०० | पर्वतारोहण रोयल्टी | ३१११०८९.०० |
| **धरौटी** | ७५८३९६.७२ | | - |
| **आन्तरिक तर्फको जम्मा** | **१०२९८४९१४.९६** | | **१०२९८४९१४.९६** |
| केन्द्रिय राजश्व | ३९,४०५/१० | केन्द्रिय राजश्व दाखिला | ३९,४०५/१० |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | १५९३८९४२९.४३ | केन्द्रीयतर्फको व्यय | १५९३८९४२९.४३ |
| **कुल जम्मा** | **२६२४१३७४९.४९** | कुल जम्मा | **२६२४१३७४९.४९** |

अनुसूची-४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला अदालत | श्रेस्तेदार, श्री मुना अधिकारी ढकाल | सलेपा श्री बिकास लम्साल |
| २ | जिल्ला सरकारी वकिल कार्यालय | जिल्ला न्यायाधिवक्ता,श्री दिनेश रेग्मी | खरिदार, श्री इन्द्रजित सहनी |
| ३ | जिल्ला आर्युवेद स्वास्थ केन्द्र | आयुर्वेद चिकित्सक, श्री छत्रपति दाहाल | स.ले.पा. श्री लोकराज न्यौपाने |
| ४ | जिल्ला कारागार कार्यालय | जेलर, श्री महेन्द्र अधिकारी | स.ले.पा श्री विकास लम्साल |
| ५ | जिल्ला बिकास समितिको कार्यालय | स्था.वि.अ. श्री कृष्णप्रसाद धिताल | ले.अ.श्री किरण पौडेल |
| ६ | जिल्ला वन कार्यालय | नि.जि.व.अ. श्री डिल्लीराम चापागाइ | सलेपा श्री सौमेन्द्र सापकोटा |
| ७ | जिल्ला प्रशासन कार्यालय | प..जि.अ. श्री गञ्ज बहादुर एम.सि. | ले.पा. श्री केशव प्रसाद अधिकारी |
| ८ | मालपोत कार्यालय | मा.पो.अ. श्री गंगाबहादुर घल | ले.पा. श्री सन्तोष आचाय |
| ९ | जिल्ला शिक्षा कार्यालय | जि.शि.अ. श्री देव कुमार बराल | ले.पा. श्री पहलसिंह थापा |
| १० | जिल्ला स्वास्थ कार्यालय | नि.जि.प्र.डा.श्री विजय गुरुङ्ग | ले.अ. श्री जब्बर अलिमियाँ |
| ११ | जिल्ला हुलाक कार्यालय | हुलाक अधिकृत, श्री कमला गिरी भारती | ले.पा., श्री धनन्जय कुमार दास |
| १२ | अस्पताल बिकास समितिको कार्यालय | नि.जि.स्वा.प्र.डा.श्री विजय गुरुङ्ग | ले.अ. श्री जब्बर अलिमियाँ |
| १३ | जिल्ला प्रहरी कार्यालय | प.ना.उ, श्री जगन्नाथ गौतम | ले.पा. श्री तिलकबहादुर रोका |
| १४ | खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय | सव डिभिजन प्रमुख श्री भोलाप्रसाद थापा | लेखापाल श्री विश्वराज वराल |
| १५ | महिला तथा वालबालिका बिकास कार्यालय | म.वि.अ. श्री मीना पौडेल | स.ले.पा. श्री तुलसी गुरुङ्ग |
| १६ | दुर्गम क्षेत्र बिकास समिति | स्था.वि.अ.श्री कृष्णप्रसाद धिताल | ले.अ.श्री बाबुराम तिवारी |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np